दाङका ४० वडा कार्यालय भाडाको भवनमा

विवेक खड्का/हिटा

दाङ, २४ पुस

मुलुकमा स्थानीय तह स्थापना भएको तेस्रो वर्ष पूरा भएर चौथो वर्षमा प्रवेश गरेको छ । स्थानीय तह आइसकेपछि जनताहरुले सहज सेवा पाउने तथा विकास निर्माणले तीव्रता पाउने अपेक्षा थियो । उसो त कतिपय स्थानीय सरकारले स्रोत साधनको अधिकतम परिचालन अपेक्षाकृत कार्यक्षमता प्रदर्शन पनि गरिरहेका छन् । तर समग्रमा हेर्दा भने अवस्था सुखद् देखिंदैन । जनतालाई सहज सेवा दिन उद्देश्यले गठित स्थानीय तहका बडा कार्यालयहरु भाडाको घरमा अस्थर सेवा दिन बाध्य छन् । दाङका दश वटा स्थानीय तहका १०० वटा वडा कार्यालयमध्ये ४० वटा बडा कार्यालय अझै पनि भाडाको भवनमा सञ्चालित छन् ।

दाङको तुलसीपुर उपमहानगरपालिकामा रहेका १९ वडामध्ये चारवटा वडा भाडाको भवनमा रहेको उपमहानगरपालिकाका प्रमुख घनश्याम पाण्डेले जानकारी दिनुभयो । १२ नम्बर वडा कार्यालयका लागि निर्माण भएको भवनमा हाल मेट्रो क्लेज सञ्चालनमा आएको छ । हाल मेट्रो कलेजको भवन निर्माणाधीन अवस्थामा रहेकोले निर्माण कार्य पूरा भए आफ्नै भवनमा सर्ने उहांको भनाइ छ ।

यस्तै गढवा गाउँपालिकाका ६ वटा वडा कार्यालय भाडाको भवनबाट सेवा

सञ्चालन गर्दै आएका छन् । भाडामा भएका वडा कार्यालयको भवन निर्माण भइरहेको र यही आर्थिक वर्षमा सम्पन्न गर्ने योजना रहेको गाउँपालिका अध्यक्ष सहजराम अहिरले जानकारी दिनुभयो । राजपुर गाउँपालिका-५ वटा वडा कार्यालय भाडाको भवनमा सञ्चालन भएको गाउँपालिका अध्यक्ष लोकराज केसीले जानकारी दिनुभयो ।

लमही नगरपालिकाका नौ वटा वडामध्ये ३ आफ्नै भवनबाट सेवा दिएका छन् । भाडामा भएका वडाहरूमध्ये तीन भाडामा छन् भने तीनवटा वडाको भवन आउँदो आर्थिक वर्षमा बनाउने तयारी रहेको प्रमुख कुलप्रसाद केसीले जानकारी दिनुभयो । त्यसैगरी राप्ती गाउँपालिका नौ वटा वडा कार्यालय दुईवटा वडा कार्यालय आफ्नै भवनमा छन भने सात वटा वडा भाडामा रहेका छन् ।

त्यस्तै बगलाचुली गाउँपालिका आठ वटा वडा कार्यालयमध्ये सात वटा आफ्नै भवनमा छन् भने एक वटा भाडामा रहेको छ । एउटा वडा कार्यालय भौगोलिक समस्याका कारण वन्न नसकेको गाउँपालिका प्रमुख भक्तबहादुर कलीले बताउनुभयो । एउटा भगोलमा वडा कार्यालय बनाउँदा अर्को भूगोलको जनतालाई समस्या हुने भएकाले अन्योलमा छु उहांले भन्नुभयो । दंगीशरण गाउँपालिका-६ को वडा कार्यालय मात्रै आफ्नै भवनमा छ भने बांकी वडाहरू भाडामा रहेको गाउँपालिका अध्यक्ष भागीराम चौधरीले जानकारी दिनुभयो । शान्तिनगर गाउँपालिका सात वटा वडा कार्यालयमध्ये ६ वटा आफ्नै भवनमा छन् भने वडा नम्बर ३ को वडा कार्यालय गाउँपालिकाको भवनमा रहेको गाउँपालिका अध्यक्ष कमानसिंह डांगीले बताउनुभयो । यता बवई गाउँपालिकाका सात वडा कार्यालयमध्ये पांच वटा आफ्नै भवनमा छन् भने बांकी भाडाका भवनमा सञ्चालित छन् ।

भाडाको भवनबाट सेवा दिन समस्या

भाडाको भवनबाट सेवा प्रवाह गर्दा धेरै समस्या हुने गरेको लमही नगरपालिका-७ का अध्यक्ष मोहन गिरिले जानकारी दिनुभयो । कोठा अभावका कारण एउटै कोठामा सांचव र प्राविधिकलाई राख्नेको गिरिले बताउनुभयो । उहांका अनुसार जग्गा चलानी कम्प्युटर अपरेटर तथा अन्य कर्मचारीहरूले एउटै कोठामा बसेर काम गर्दै आएको बताउनुभयो । हामीसंग कुनै कार्यक्रम गर्नको लागि हलकोठा छैन, बाहिर कार्यक्रम गर्नको लागि खुल्ला ठौर छैन, धेरै समस्याका बीचमा काम चलाउनुपरेको छ, उहांले भन्नुभयो । बडाले वार्षिक रुपमा करसहित एकलाख रुपैया कोठाभाडा तिर्ने गरेको उहांको भनाइ छ । त्यस्तै गढवा गाउँपालिका-५ का बडाध्यक्ष प्रकाश भण्डारीले भाडामा बडा कार्यालय भएका कारण कोरोना कहरको बेलामा सेवा दिन धेरै नै कठिन रहेको बताउनुभयो । कार्यालयमा सेवा लिन आएका सेवाग्राहीको लागि शौचालयको समस्यादेखि कोरोना जोखिमको समयमा मान्छेहरूको भिडभाड भयो भनेर थरमालिकहरू कराउने गरेको बताउनुभयो ।

बझाङमा यौन दुर्व्यवहारविरुद्ध सेफ्टी पिन क्याम्पियन सुरु

सत्यराज सिंह/हिटा

बझाङ, २४ पुस

सवारी साधनमा हुने यौन दुर्व्यवहारविरुद्ध जिल्ला प्रहरी कार्यालय बझाङले सेफ्टी पिन क्याम्पियन सुरु गरेको छ । महिला तथा बालबालिकाहरूलाई सवारी साधनमा हुन सक्ने यौन दुर्व्यवहारलाई मध्येनजर गर्दै जिल्ला प्रहरी कार्यालय बझाङले सेफ्टी पिनक्याम्पियन सुरु गरेको हो ।

जिल्ला प्रहरी कार्यालयले अयपृथ्वी नगरपालिका सिमखेतस्थित बसपार्कमा यौनजन्य दुर्व्यवहारसम्बन्धी समिति गठन गर्दै, सवारी साधनमा हुने यौन दुर्व्यवहार अन्त्यका लागि क्याम्पियन सुरु गरिएको जिल्ला प्रहरी कार्यालय बझाङका डिएसपी रुक सङ्खाले बताउनुभयो । साथै समिति जिल्लामा गठन गरे पनि जिल्ला भरी काम गर्ने समेत डिएसपी सङ्खाले बताउनुभयो । उक्त क्याम्पियनमा प्रहरी निरीक्षक कमल प्रसाद चौधरीसहितको टोली बझाङ जिल्लामा सञ्चालित बस यातायात प्रा.लि सुदूरपश्चिम यातायात, महाकाली यातायात, खप्तड यातायात, मालिका यातायात, पवनदुत यातायात, कर्णाली टिभर यातायात व्यवसायी संघका प्रमुख एवं प्रतिनिधि, यातायात चालक, सहचालक, यात्रुहरूको सहभागितामा गठन गरिएको उक्त समितिले अनुगमनका लागि सादा पोशाकमा सटिने प्रहरी कर्मचारीलाई पासको व्यवस्था गर्ने निर्णय समेत गरेको छ ।

यौन दुर्व्यवहारविरुद्धको सेफ्टी पिन क्याम्पियनअन्तर्गत यातायात व्यवसायी, चालक, सहचालक, यात्रुहरूको सहकार्यमा दुर्व्यवहार गरिएको पाइएमा नडिकैको प्रहरी चौकीमा जानकारी गराउने, प्रहरी कर्मचारी सादा पोशाकमा सवारी साधनहरूमा यात्रुहरुको रुपमा अनुगमन निरीक्षण गरिने, यदि कसैले सवारी साधनमा मानसिक तथा शारीरिक यौन दुर्व्यवहार गरेको पाइएमा कानुनबमोजिम कारवाही गरिने प्रहरी निरीक्षक कमल प्रसाद चौधरीले बताउनुभयो । साथै पछिल्लो समय लामो तथा छोटो दुरीका सवारी साधनमा महिलामाथि हुने दुर्व्यवहारका घटनाहरू बढ्दै गएकोले महिला तथा बालबालिकाको सुरक्षामा चुनौतीसँगै चिन्ता पनिएको हुनाले उक्त समितिले महत्वपूर्ण भूमिका खेल्ने समेत प्रहरी निरीक्षक चौधरीले बताउनुभयो ।

गुल्मीमा विद्यालय पुनर्निर्माण

पाँच वर्षमा एक सय बढी बने, ६२ वटा निर्माणाधीन

रमेश विश्वकर्मा/हिटा

गुल्मी, २४ पुस

गुल्मीमा भूकम्पबाट तीन सयभन्दा बढी विद्यालयहरू [redacted] भएका र क्षतिग्रस्त भएका [redacted] जसमा एक सयभन्दा बढी विद्यालयहरूको पुनर्निर्माणको कार्य सकिएको छ । भूकम्प गएको पांच वर्ष बितिसक्दा अहिलेसम्म ९२४ वटा विद्यालय भवनहरू मात्र पुनर्निर्माणको कार्य सकिएको छ ।

सबै विद्यालयहरू विद्यालय व्यवस्थापन समितिमार्फत निर्माण गरिएको राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको जिल्ला आयोजना कार्यान्वयन इकाई (शिआ) गुल्मीका इकाई प्रमुख पितामबर पन्थीले बताउनुभयो । आर्थिक वर्ष २०७३/०७४ मा ९५ वटा विद्यालय भवन, त्यस्तै आर्थिक वर्ष २०७४/०७५ मा ९५ वटा विद्यालय भवन र आर्थिक वर्ष २०७५/०७६ मा ८७ वटा विद्यालय भवन निर्माण कार्य सकिएको थियो । यसै गरी आर्थिक वर्ष २०७६/०७७ मा चार कोठे सात वटा विद्यालय भवनको निर्माण कार्य सकिएको इकाई प्रमुख पन्थीले बताउनुभयो ।

जिल्लामा अहिले ६२ वटा विद्यालय भवनका २०९ वटा कक्षा कोठा निर्माणाधीन अवस्थामा छन् । इकाई प्रमुख पन्थीले भन्नुभयो, 'जसमा चार कोठे विद्यालय भवन ४० वटा, तीन कोठे विद्यालय भवन पाँच वटा र दुई कोठे विद्यालय भवन १७ वटा रहेका छन् । ३४ वटा विद्यालयमा खानेपानी र सुविधासम्पन्न शौचालयको पनि निर्माणको कार्य भइरहेको छ । त्यस्तै १२६ वटा विद्यालय भवनका ७६९ वटा कक्षाकोठाको पुनर्निर्माणको कार्य गर्न बांकी रहेको इकाई प्रमुख पन्थीले बताउनुभयो ।

केन्द्रबाट प्राप्त कार्यक्रम थोरै र जिल्लामा प्रभावित भएका विद्यालयहरू धेरै भएको हुनाले उक्त विद्यालयहरूको पुनर्निर्माणको कार्य बांकी रहेको उहांको भनाइ रहेको छ । त्यस्तै पुनर्निर्माणको कार्यावधि २०७८ पुस १० गतेसम्म रहेको हुंदा बांकी रहेका विद्यालयहरू नेपाल सरकारको निर्णयअनुसार अन्य निकायमा जिम्मेवारी हस्तान्तरण हुने उहांले बताउनुभयो ।

विद्यालय भवन निर्माणका लागि प्राधिकरले तयार गरेको लागत इस्टिमेटअनुसार बजेट विनियोजन भएको इकाई प्रमुख पन्थीले भन्नुभयो, 'ठाडाका विद्यालयको दुवानीले लागत बढ्ने र सुगमका विद्यालयमा ढुवानी कम हुने गरी लागत अनुमान तयार पारिएको छ । सुविधा सम्पन्न भूकम्प प्रतिरोधी क्षमताका भवन निर्माण भएपछि पठनपाठन सहज भएको छ । विद्यार्थीले सुरक्षित महसुस गरेको कार्यालयले जनाएको छ ।

क्षतिग्रस्त भएका विद्यालयहरूको पुनर्निर्माण गर्नका लागि गुणस्तरीय निर्माण सामग्रीको प्रयोग गरी निर्माण कार्य गर्न कार्यालयले विशेष जोड दिएको कार्यालयका सूचना अधिकारी इन्जिनियर लक्ष्मण राउतले बताउनुभयो । विभिन्न समयमा कार्यालयले अनुगमन गर्न क्रमशः दुंगा, गिट्टी, सिमेन्ट, फलाम छड/डण्डी, बालुवा, ईंटा, प्लाईउड, काठ, भाईब्रेटर/मिक्सचर, कंक्रिट (ढलान) लगायतका विभिन्न सामग्रीहरूमा विशेष ध्यान दिंदै आएको उहांले उल्लेख गर्नुभयो ।

५० लाख ठगी गरेको आरोपमा युवती पक्राउ

दैलेख/हिटा । जिल्ला प्रहरी कार्यालय दैलेखले अमेरिका पठाइदिने भनी ५० लाखबढी ठगी गरेको आरोपमा एक युवतीलाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा इटहरी उप-महानगरपालिका-४ बस्ने २४ वर्षीया विद्या शर्मा छिन् । उनले दैलेखका विभिन्न व्यक्तिहरूलाई अमेरिका पठाइदिने भनी ५० लाख बढी ठगी गरेको प्रहरीले जनाएको छ । गत असारमा कोरोना भाइरसको महामारीमा राहत वितरण गर्ने भन्दै दैलेख पुगेकी उनले आफू अन्तर्राष्ट्रिय सियापुर रेडक्रस नेपालकी (सिइओ) बताउने गरेकी थिइन् । अमेरिकाको लागि भिसा पनि लागिसकेकाले आठ/दश जना लैजान सकिने भन्दै ५२ लाख चार हजार ५० रुपैया ठगी गरेको आरोपमा उनलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ । उनीबाट ठगिएकाहरूको उजुरीको आधारमा पक्राउ गरिएको दैलेखका प्रहरी [redacted] अनुप श्रेष्ठले जानकारी दिनुभयो । प्रहरीका अनुसार यही पुस [redacted] गरेको जिल्ला प्रहरी कार्यालय दैलेखमा जाहेरी परेको र जिल्ला अदालत दैलेखको पक्राउ अनुमति बमोजिम महानगरीय प्रहरी परिसर टेकु काठमाडौंसंग सम्बन्धमा पक्राउ गरी दैलेख उपस्थित गराइएको जनाएको छ ।

एक सय किलो अवैध लागूऔषध गाँजा बरामद

मकवानपुर/हिटा । मकवानपुरको मनहरी गाउँपालिका-६ हपाकुरी जंगलस्थित यासको छाप्रोबाट करिब एक सय किलो अवैध लागूऔषध गाँजा शुक्रवार प्रहरीले बरामद गरेको छ । उक्त छाप्रोमा अपरिचित व्यक्तिले गाँजा प्याकिङ गरिरहेको भन्ने सूचनाको आधारमा इलाका प्रहरी कार्यालय मनहरीबाट खटिएको प्रहरीलाई देख्नासाथ ती व्यक्ति फरार भएपछि प्रहरीले उक्त गाँजा बरामद गरेको हो । हाल फरार व्यक्तिको खोजी गर्नुको साथै यस सम्बन्धमा थप अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ ।

लुटपाट गर्ने गिरोह पक्राउ

ललितपुर/हिटा । ललितपुर प्रहरीले लुटपाट गर्ने गिरोहका चार जनालाई पक्राउ परेको छ । पक्राउ पर्नेमा उग्रपुर घर भई हाल ललितपुरको च्यासल बसे २६ वर्षीय भरत मगर, ताप्लेजुङको घर भई ललितपुरको लगनखेल बस्ने २८ वर्षीया निर्मला राई, ललितपुरको भारदेव-२ घर भई हाल लगनखेल बस्ने २० वर्षीया सुमिता हिम्बो र ललितपुरको चापागाउँ बस्ने २९ वर्षीय लविन लामा बन तामाङ रहेका छन् ।

प्रसूति सेवा लिन आउने बढे

निरोन कोइराला/हिटा

भोजपुर, २४ पुस

ग्रामीण क्षेत्रमा पनि प्रसूति सेवा उपलब्ध हुन थालेपछि भोजपुरमा गर्भवती जाँच गराउनेको संख्या पनि बढ्दै गएको छ । यसअघि नदसुकामस्थित जिल्ला अस्पताल र अन्य केही स्वास्थ्य संस्थाहरूमा जानुपर्ने बाध्यता भए पनि पछिल्ला दिनमा गाउँगाउँमा प्रसूति सेवा उपलब्ध हुन थालेपछि स्वास्थ्य संस्था जानेको संख्या बढ्न थालेको हो ।

वान हर्ट बन्ड वाइड संस्थाको आर्थिक सहयोगमा स्वास्थ्य संस्थामैं प्रसूति कक्ष मर्मत, आवश्यक उपकरण र स्वास्थ्यकर्मीलाई तालिम दिएपछि गाउँमै पसूति गराउनेको संख्यामा वृद्धि हुँदै गएको हो । भोजपुरका अधिकांश स्वास्थ्य संस्थाहरूको भवन नहुनु, आवश्यक उपकरण र दक्ष जनशक्ति नभएका कारण चर्को मूल्य तिरेर टाढाटाढा जानुपर्ने बाध्यता थियो ।

स्वास्थ्य संस्था पनि चिटिक्क र दक्ष स्वास्थ्यकर्मीका साथै आवश्यक उपकरण उपलब्ध भएपछि गाउँमै रहेको स्वास्थ्य संस्थामा प्रसूति गराउन आउनेको संख्या बढ्दै गएको स्वास्थ्यकर्मीहरूको भनाइ छ ।

फेलेसी फाइल हराएको सूचना

यही मिति २०७७।०७।० गते गेडाकोटर्टोलि काठमाडौं आउँदा मेरो नेपाल लाइफ इन्स्योरेन्सको पोलेसी फाइल हराएको हुँदा भेट्नु हुने महानुभावले नोंबेकेको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु होला ।

नाम : डोमेला शर्मा
पोलेसी नं : १०००५६४९
ठेगाना : काठमाडौं
सम्पर्क : ९८४५०३१२८

भूमिसुधार तथा मालपोत कार्यालय डिल्लीबजारबाट जारी भएको, जिल्ला स्याङ्जा, वरघल-१, घर भई हाल का.जि., का.म.न.पा.१४ बस्ने हर्कनारायण तुलाधरबल नामको विशेष बखतले ऐन, २०५९ को दफा १० (१) बमोजिम स्थाइ सरहको

३० दिने सार्वजनिक सूचना

का.जि., कर्नाली ६ क्षि.त. ७३ र ७९ को क्षेत्र.फ. कमशः ०-१-३-०, ०-३-०-० जग्गा क्षि.का. गर्न नमिलने हुँदा मूल्य निर्धारण गरी एक पक्षलाई को मूल्य र अर्को पक्षलाई सम्पूर्ण जग्गा हुनुपरी माँगि र उ.प्र. विष कोइराला वरीपरी भनी कोही आमू मतजंतको माग भएको र को भएमा क्षि.न. ७९, हाल मालीमा का.म.न.पा.१४ स्थित न. ११४२-१० क्षि.त. ३४४ का ९.३३ ध.मि. फाउम भएको जग्गाको ज.उ. उपाई डेखि पश्चाडका नाममा पर्न कार्यसम्पादन भएर जारी हुँदा तामेल हुन सकेको व्यक्ति सकिन उने सरहसार स्थान फिर्ता हुन चाहेको । कोही नाम २ तं अनुसूची तथा किल्लाकृत उत्तारमा कानु मतजंत भएकोमा साथ मालपोत कार्यालयबाट प्राप्त जग्गाको विवरणमा कोही दानु मतजंत देखिएकोमि अतु मतजंत र चालु मतजंत एकै हो वा अलग अलग व्यक्ति हो, अथवा व्यक्ति हो भने निज सम्मेलका लागि वो स्थाइ सरहको सूचना जारी गरिएको छ । भत्र विवेकल कानु मतजंतको माग तथा उपरोक्तअनुसार जग्गा बाँडाकोर हुन बाधा कुनै कारण भए यो सूचना प्रकाशित भएकी मितिले ३० दिन भित्र स-प्रमाण दावी गर्न आउनु होला । अन्यथा कानुन बमोजिम मैं जारी व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइएछ ।

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
वनस्पति विभाग
प्राकृतिक सम्पदा अनुसन्धानशाला
थापाथली, काठमाडौं ।

प्रस्ताव आहानको सूचना

प्रथम पटक प्रकाशित मितिः २०७७/०९/२५

यस अनुसन्धानशालाले वनस्पतिको क्षेत्रमा नविनतम खोज अनुसन्धान गरी जडिबुटीजन्य उत्पादनको (Product) को Prototype तयार गर्ने र वनस्पतिको Bioprospecting का क्षेत्रमा खोज अनुसन्धानमा सहयोग गर्नका लागि सरकारी विश्वविद्यालय एवं प्राजिक संस्थाबाट प्रस्ताव माग गरिएको छ । सो सम्बन्धित विस्तृत जानकारीका लागि यस अनुसन्धानशालाको प्रशासन र आर्थिक प्रशासन शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ ।

क.सं.	विषय	संस्था	ईकाइ	रकम प्रति ईकाइ	पेश गर्ने अन्तिम मिति	कैफियत
१	सोध कार्यमा सहयोग गर्ने ।	५	वटा/जना	४,५०,०००।-	प्रथम पटक प्रकाशित मितिले सात दिन भित्र ।	कुनै संस्थाले वढिमा २ वटा प्रस्ताव पेश गर्न सक्ने छ ।

सोलुदुधकुण्ड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सल्लेरी, सोलुखुम्बु
प्रदेश नं. १ नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०७७।०९।२५

यस कार्यालयबाट तपशिल बमोजिमको कार्य गर्नको लागि मिति २०७७।७२ मा सूचना प्रकाशित गरी बोलपत्र आव्हान गरिएकोमा तोकिएको म्यादभित्र प्राप्त भएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमको बोलपदाताको बोलपत्र प्रस्ताव न्युनतम मुल्याकित सारभुत रुपमा प्रभावग्राही भै स्वीकृतिको लागि छनौट गरिएको हुदा सार्वजनिक खरीद ऐन २०६३ को दफा २७(२) बमोजिम सम्बन्धित सबै बोलपदाता तथा सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

बोलपत्र नं.	कामको विवरण	बोलपदाताको नाम र ठेगाना	स्वीकृत रकम मु.अ.कर र पि.एस आइटम बाहेक रु
१।०७७।७८।cons १	रोशीखोलामा रहेको स्टील ब्रिज सालावेशी खोलामा जडान गर्ने कार्य	यती निर्माण सेवा सोलुदुधकुन्ड न.पा. ५ सल्लेरी	३४६१८८६।९२

कर्णाली प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
पूर्वाधार विकास निर्देशनालय
पूर्वाधार विकास कार्यालय
रुकुम, पश्चिम

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मिति २०७७/०९/२५ गते)

यस कार्यलयबाट २०७७ मंसिर १४ गते तर्फा पत्रिका दैनिकमा प्रकाशित सूचना बमोजिम e-GP System मार्फत दर्ता हुन आएका बोलपत्रहरु मध्ये न्युनतम मूल्याङ्कित र सारभुत रुपमा प्रभावग्राही तपशिल उल्लेखित बोलपत्र स्वीकृतीको लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

क. सं.	योजनाको नाम/ठेक्का नं.	न्युनतम बोलअंक कबोल गर्ने बोलपदाताको नाम र ठेगाना	कबोल अंक (मु.अ.कर सहित) रु.
१	बादरपानी-बिर्मेचा-स्याउलीबजार-कुरल-पेदीखेत-टोट्के-दोपाई सडक (ठेक्का नं. IDO/RKM/NCB/W/2077/078/05)	श्री गौरीगोमा निर्माण सेवा पा.लि., सारदा न.पा. ८, सल्यान, कर्णाली प्रदेश, नेपाल ।	१५,५६,६०५.९२
२	सल्ले-भुर्युली-खालिंगैरा सडक निर्माण योजना (ठेक्का नं. IDO/RKM/NCB/W/2077/078/04)		३५,५०,८२४.२२

कार्यालय प्रमुख